18th of June

आकाशवाणी

मुख्य समाचारहरुबाट

- प्रधानमन्त्री क्रोएशियाको ऐतिहासिक भ्रमणमा, द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुवात
- राष्ट्रपतिले आज भारतीय कर्पोरेट कानुन सेवा, रक्षा एयरोनौटिक्स गुणस्तर आश्वासन सेवा र केन्द्रीय श्रम सेवाका प्रशिक्षण-रत अधिकृतहरूसँग गर्नुभयो भेटवार्ता
- प्रधानमन्त्रीले गर्नुभयो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग टेलिफोन संवाद
- एकीकृत पेन्सन योजनाअन्तर्गत ग्रेच्युटी सुविधा उपलब्ध हुने

## प्रधानमन्त्री मोदी क्रोएशियाको ऐतिहासिक भ्रमणमा, द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुवात

आज प्रधानमन्त्री नरेन्द्र मोदी क्रोएशियाको राजधानी  पुग्नुभएको छ। यस भ्रमणले भारत र क्रोएशियाबीच रणनीतिक सहयोगलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ। भ्रमणको क्रममा प्रतिनिधिमण्डलस्तरीय वार्ता, विभिन्न प्रमुख क्षेत्रहरूमा समझौता तथा सांस्कृतिक कूटनीति सम्बन्धी कार्यक्रमहरू हुनेछन्। भारत र क्रोएशियाबीच विज्ञान तथा प्रविधि, कृषि, शिक्षा र संस्कृति जस्ता क्षेत्रमा महत्वपूर्ण समझौतामा हस्ताक्षर गरिनेछ। विज्ञानमा सहयोगका लागि तयार पारिएको कार्यक्रमले संयुक्त अनुसन्धान तथा ज्ञानको आदान–प्रदानलाई प्रोत्साहित गर्नेछ। कृषि क्षेत्रमा हुने व्यापक समझौता 30 प्राथमिक क्षेत्रहरूमा आधारित हुनेछ। साथै, 2030 सम्म सांस्कृतिक आदान–प्रदान कार्यक्रम विस्तार गर्ने विषयमा पनि समझौता हुने अपेक्षा गरिएको छ। जाग्रेब विश्वविद्यालयमा रहेको हिन्दी चेयारलाई पनि विस्तार गरिनेछ, जसले भारतको भाषिक र शैक्षिक पहुँचलाई थप प्रवर्द्धन गर्नेछ। यो भ्रमण, भारतको आतंकवादविरुद्धको स्पष्ट र कडा नीतिको सन्देश अनि संयुक्त राष्ट्र संघको सुरक्षा परिषदमा भारतको स्थायी सदस्यताका लागि बढ्दो क्रोएशियाली समर्थनको पृष्ठभूमिमा भइरहेको छ। दुबै देशबीच भारत–युरोपेली संघ (EU) स्वतन्त्र व्यापार सम्झौता तथा युरोप, पश्चिम एशिया र भारतलाई जोड्ने व्यापक कनेक्टिभिटी कोरिडोरको सन्दर्भमा सहकार्यको सम्भावनाहरू पनि खोजिनेछ।

## राष्ट्रपतिले आज भारतीय कर्पोरेट कानुन सेवा, रक्षा एयरोनौटिक्स गुणस्तर आश्वासन सेवा र केन्द्रीय श्रम सेवाका प्रशिक्षण-रत अधिकृतहरूसँग भेटवार्ता गर्नुभयो

राष्ट्रपति मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा भारतीय कर्पोरेट कानुन सेवा, रक्षा एयरोनौटिक्स गुणस्तर आश्वासन सेवा र केन्द्रीय श्रम सेवाका प्रशिक्षणरत अधिकृतहरूसँग भेटवार्ता गर्नुभयो।

भेटवार्ताका कर्ममा उहाँले  सार्वजनिक क्षेत्रका उपक्रमहरूलाई सशक्त बनाउँदै निजी क्षेत्रको विशेषज्ञतालाई समाहित गरेर देशको रक्षा क्षमतामा वृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले भन्नुभयो कि भारतले स्वदेशी उत्पादन प्रक्रियालाई तीव्रता दिँदै निजी उद्यमहरूलाई रक्षा पारिस्थितिकी तन्त्रमा प्रभावकारी रूपमा एकीकृत गर्न सकेमा आफूलाई विश्वस्तरको रक्षा उत्पादन केन्द्रको रूपमा स्थापित गर्न सक्छ।

**प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग टेलिफोन संवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग टेलिफोन संवाद गर्दै पाकिस्तानसँगका मुद्दा समाधान गर्न भारतले अहिलेसम्म कुनै तेस्रो पक्षको मध्यस्थता स्वीकार नगरेको र भविष्यमा पनि स्वीकार नगर्ने स्पष्ट रूपमा बताउनुभएको छ। प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पसँग 'अप्रेसन सिन्दूर' सम्बन्धी पछिल्ला घटनाक्रमबारे पनि चर्चा गर्नुभएको छ। प्रधानमन्त्री श्री मोदीले स्पष्ट रूपमा बताएअनुसार, भारत-अमेरिका व्यापार सम्झौता र भारत-पाकिस्तानबीचको पछिल्लो सैन्य गतिविधि, रोक्ने सन्दर्भमा अमेरिका वा अन्य तेस्रो पक्षसँग कुनै पनि तहमा कुनै संवाद वा मध्यस्थताको आग्रह गरिएको थिएन। प्रधानमन्त्रीले बताएअनुसार, युद्ध विराम सम्बन्धि कुराकानी भारत र पाकिस्तानबीच, प्रत्यक्ष संवादको माध्यमबाट भएको हो, र त्यो संवाद पनि पाकिस्तानको अनुरोधमा दुबै देशका सेनाबीच स्थापित भएका च्यानलमार्फत् सम्पन्न भएको हो। 6 र 7 मईको रात भारतले पाकिस्तान तथा पाकिस्तान-अधिकृत जम्मु-कश्मिर(POK)-मा रहेका केवल आतङ्कवादी घेरा र संरचनालाई लक्षित गरेर सैन्य कारबाही गरेको कुरा प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पलाई जानकारी गराउनु भएको छ। भारतको यो कारबाही सावधानीपूर्वक लक्षित र तनाव बढाउने किसिमको नरहेको पनि उहाँले जानकारी गराउनु भएको थियो।  प्रधानमन्त्री मोदी र राष्ट्रपति ट्रम्पबीच क्यानडामा जी-7 शिखर सम्मेलनका क्रममा भेटवार्ता तय भएको थियो, तर राष्ट्रपति ट्रम्पलाई आकस्मिक रूपमा अमेरिका फर्किनु परेकाले त्यो सम्भव भएन।

**11औं अंतर्राष्ट्रीय योग दिवस 21 जूनमा विश्वभरि पालन गरिनेछ। यसै अवसरमा आकाशवाणी समाचारले पनि हाम्रा स्रोताहरुका लागि  प्राचीन भारतीय परम्परादेखि लिएर वैश्विक आंदोलनसम्म योगको विकासमाथि एक विशेष फीचर लिएर आएकोछ।**

**एकीकृत पेन्सन योजनाअन्तर्गत ग्रेच्युटी सुविधा उपलब्ध हुनेछ : डा. जितेन्द्र सिंह**

भारत सरकारका कार्मिक, लोक शिकायत तथा पेन्सन मन्त्रालयका राज्य मन्त्री डा. जितेन्द्र सिंहले एकीकृत पेन्सन योजनाअन्तर्गत आउने सरकारी कर्मचारीहरूलाई अब अवकाश वा मृत्युपछि ग्रेच्युटी सुविधा उपलब्ध हुने जानकारी दिनुभएको छ। एनडीए सरकारका 11 वर्ष पूरा भएको अवसरमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री सिंहले यो नयाँ व्यवस्था राष्ट्रिय पेन्सन योजना (NPS) अन्तर्गत रहेका सबै श्रेणीका सरकारी कर्मचारीलाई सामाजिक सुरक्षा प्रदान गर्ने सरकारको प्रतिबद्धता हो भन्ने उल्लेख गर्नुभयो। उहाँले विगत 10 वर्षमा रिक्त सरकारी पदहरूलाई पूर्ति गर्न सरकारद्वारा प्रभावकारी कदमहरू उठाइएको जानकारी पनि दिनुभयो।

**कोभिड संक्रमितको संख्या घट्दै, गम्भीरता न्यून : राष्ट्रिय भाइरस विज्ञान संस्थान**

राष्ट्रिय भाइरस विज्ञान संस्थान (NIV) का निर्देशक डा. नवीन कुमारले जानकारी दिनुभएको छ कि करिब एक महिनासम्म कोभिड संक्रमितको संख्या बढेपछि अहिले त्यसमा कमी देखिन थालिएको छ। उहाँका अनुसार 2-प्रकारका नयाँ उपप्रजातिहरूबाट संक्रमित व्यक्तिहरूमा गम्भीर लक्षणहरू देखिएको छैन, जसले ठूलो चिन्ताको विषय बन्नु नपर्ने संकेत गर्छ। डा. कुमारले बताएअनुसार, कोभिड–19 महामारी सुरु भएदेखि संस्थाले देशभर फैलिएका 73 वटा भाइरस अनुसन्धान तथा परीक्षण प्रयोगशालामार्फत भाइरस र यसको विभिन्न रूपमाथि निरन्तर निगरानी गर्दै आएको छ। उहाँले थप जानकारी दिँदै भन्नुभयो कि संस्थाले हाल नयाँ भेरियन्टहरू छुट्याउने प्रक्रियामा काम गरिरहेको छ, जसले खोपको प्रभावकारिता परीक्षण गर्न र स्वदेशमै नयाँ खोप विकास गर्न सहयोग पुग्नेछ।

**विकसित कृषि संकल्प अभियानमा 13 करोडभन्दा बढी किसानको सहभागिता : कृषि मन्त्री चौहान**

केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले विकसित कृषि संकल्प अभियानअन्तर्गत देशभरका 1 लाख 43 हजार गाउँबाट 13 करोड 4 लाख किसानहरूलाई प्रत्यक्ष रूपमा जोडिएको जानकारी दिनुभएको छ। आज नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो कि समृद्ध किसान र विकसित कृषि क्षेत्र प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको दृष्टिकोणको अभिन्न अङ्ग हो।

श्री चौहानका अनुसार यस अभियानअन्तर्गत 60 हजारभन्दा बढी कार्यक्रमहरू आयोजना गरिए, जसमा आदिवासी क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइएको थियो। उहाँले भन्नुभयो कि अभियानको मुख्य उद्देश्य खेतीपातीको जमिन र प्रयोगशालाबीचको दूरी हटाउनु हो, जसबाट

वैज्ञानिक पद्धतिहरू सहजै किसानसम्म पुग्न सक्छ। उहाँले बताएअनुसार, अभियानका समय किसानहरूले आफ्ना समस्या मात्र साझा गरेनन्, उनीहरूले कृषि क्षेत्रमा गरेका नवप्रवर्तनहरू पनि प्रदर्शन गरे। मन्त्री चौहानले किसानहरूलाई आवश्यक सबै प्रकारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त पनि गर्नुभयो।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्री क्रोएशियाको ऐतिहासिक भ्रमणमा, द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुवात
- राष्ट्रपतिले आज भारतीय कर्पोरेट कानुन सेवा, रक्षा एयरोनौटिक्स गुणस्तर आश्वासन सेवा र केन्द्रीय श्रम सेवाका प्रशिक्षण-रत अधिकृतहरूसँग गर्नुभयो भेटवार्ता
- प्रधानमन्त्रीले गर्नुभयो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग टेलिफोन संवाद
- एकीकृत पेन्सन योजनाअन्तर्गत ग्रेच्युटी सुविधा उपलब्ध हुने